# साधारण स्थानीय भर्ना

## विद्यालयहरुमा पढाइः प्राथमिक तह एकका अतिरिक्त कार्यक्रम र अन्य विद्यालयमा आधारित सहयोगी कार्यक्रमहरू

प्राथमिक एकका एनसीएस विद्यार्थीहरूलाई स्थानीय प्राथमिक विद्यालयमा एकनाससित एकिकृत गराउन, उनीहरूलाई स्थानीय सामान्य विद्यालयमा भर्ना हुनुअघि गमी विदा अवधिमा निम्न कार्यक्रमहरू उपलब्ध गराइन्छ ।

| | |
|---|---|
| **कार्यक्रम नाम र विषयसूचिहरू** | विद्यार्थीहरूका लागि ग्रीष्म अतिक्ति कार्यक्रम<br><br>(विषयसूचिमा क्यान्टोनिज बोल्ने तथा सुन्ने, उनीहरूको दैनिक जीवनमा आवश्यकतालाई पूरा गर्न चिनिया पढाई र लेखाई र उनीहरूको चिनिया भाषाको पढन् रुचि बढाउने प्रोत्साहन, जस्ता समावेश छन्) |
| **कार्यक्रम तालिका** | 60 घण्टे कार्यक्रम, गर्मी विदा करीब चार हप्ता सम्म हुन्छ । |
| **लक्ष्य** | प्राथमिक 1का एनसीएस विद्यार्थीहरू जो प्राथमिक एक भर्ना प्रणाली अनुसार प्रत्येक सेप्टेम्बर मा भर्ना गरिन्छ । यो अतिरिक्त कार्यक्रम सन् 2007 को ग्रीष्मदेखि एनसीएस विद्यार्थीहरूलाई पनि प्राथमिक 2, प्राथमिक 3 र प्राथमिक 4 मा लैजान समेत फैलाइएको थियो । |
| **संस्था तथा कार्यक्रम स्थान** | **संस्थाः** शि.वि. (EDB) (शिक्षा विभाग) ले कार्यक्रम संचालनको लागि विद्यालयहरूलाई निमन्त्रणा गर्दछ ।<br><br>**कार्यक्रमको स्थानः** निमन्त्रणा गरिएका विद्यालयहरूले अभिभावकहरूलाई कार्यक्रमको स्थान र अरू विस्तृत जानकारीका बारेमा सूचना दिनेछन् । |
| **प्रत्येक कक्षामा विद्यार्थी संख्या** | करीब 15 |
| **शुल्क** | शुल्क |
| **दिनुपर्छ** | 2863 4697 |

## अरू विद्यालयमा आधारित सहयोग कार्यक्रमहरू

माथिको कार्यक्रमको अतिरिक्त विद्यालयहरूले एनसीएस विद्यार्थीहरूको विगत शिक्षा (जस्तै यदि उनीहरू नयाँ आगन्तुक वा कमजोर बालबालिका हुन भने) क्षमता (जस्तै चाइनिज कत्ति पनि नजान्ने, केही मात्रमा जान्ने अथवा अरू भाषाको आवश्यकताहरू) र अवस्थाको विवरणलाई लिएर शि.वि. आवश्यक्ता अनुसार विभिन्न कोषहरू उपलब्ध गराउँछ उदाहणको लागि "दक्षता वृद्धि अनुदान" "विद्यालयमा आधारित विद्यालय पछिको सिकाइ तथा सहायता कार्यक्रमहरू" र नव आगन्तुक बालबालिकाहरूलाई भर्ना लिने विद्यालयहरूलाई "विद्यालयमा आधारित सहयोग योजना अनुदान" इत्यादि, जसले एनसीएस बालबालिकाहरूलाई विद्यालयपछि विभिन्न किसिमका पाठ् यक्रमदखि बाहिरको विद्यालयमा आधारित कार्यक्रमहरू जस्तै चिनियाँ भाषाको कक्षाहरू, गृहकार्य गर्न कक्षाहरू र समुदाय भ्रमण उपलब्ध गराउँछ । यी सबै सहयोगहरूले एनसीएस बालबालिकाहरूलाई घुलमेलमा आइपर्ने समस्याहरू र सिकाइका कठिनाइहरूलाई समाधन गरि स्थानीय विद्यालय र समाजमा छिट्टै नै एकिकृत गर्न सहयोग गर्छन् ।